# श्री रानीवन सामुदायिक वन उपभोक्ता समूह

## रैनादेवी छहरा गाउँपालिका-६, पाल्पा

### काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८३।०१।१६

यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित रैनादेवी छहरा गाउँपालिका ६ मा घाटगद्दीमा रहेको निम्न परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठको कारोबार गर्ने उद्देश्यले सम्बन्धित निकायमा सुचिकृत भएको, स्थायी लेखा नम्बर (PAN) लिएको व्यक्ति वा आयकर र मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको फर्म कम्पनी, उद्योग वा संघ संस्थाले यो सूचना छुटक्ल दुई राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दीको बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

<u>तपसिल</u>

| क्र.सं. | जात | वन पैदावार विवरण | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | काठ, दाउरा | | | | | |
| | | ग्रेड | थान | परिमाण क्यू.फि. | प्रति क्यू.फि. न्यूनतम मूल्य रु. | कटान मुछान खर्च रु.(प्रति क्यू.फि.) | |
| १ | साल | ए | ६ | ७४.९६ | १२५०/- | २०७/- | |
| २ | साल | बी | ३३ | ३१६.९४ | ९००/- | | |
| ३ | साल | सी | १०४ | ४८०.५२ | ६००/- | | |
| ४ | साल | डी | ७ | १७.४३ | ३००/- | | |
| ५ | साल दाउरा चट्टा | | | १.० | १२०००/- | १५२००/- | |

२. बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय

क) अन्तिम मिति: २०८३।०२।०५ (ख) समय १ बजेसम्म

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

क) अन्तिम मिति: २०८३।०२।०६ (ख) समय १२ बजेसम्म

४. बोलपत्र फारामको रु.१,०००।- का दरले पछि फिर्ता नहुने गरी समूहको उपरोक्त बमोजिमको बैंक खातामा जम्मा गरी उल्लेखित कागजातहरु सहित रितपूर्वकको निवेदनबाट माग गरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय, पाल्पाबाट खरिद गरी समूहमा दाखिला गर्नु पर्नेछ ।

५. बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको रा.वा. बैंक शाखामा रहेको खाता नं. २०३०००४३९८२०१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको रैनादेवी छहरा गाउँपालिका-६ मा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन इच्छुक कम्पनी वा फर्मका प्रोपाइटरले काठको कारोबार गर्ने उद्देश्यले सम्बन्धित निकायमा सुचिकृत भएको कागजातको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

८. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८३।०२।०७ मा ४ बजे साक्षीहरूको रोहबरमा खोलिने छ ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १०(दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र प्रक्रिया पुर्याई उठाइ लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. थप जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ ।